## अध्याय एघार

# विकास योजनालाई नाघ्दै

त्यति बेला केशव गौतम नयाँ जिम्मेवारी लिएर चीन गइसक्नु भएकाले उहाँसँग भेट हुन सकेन । ६ महिनापछि सन् २००१ अक्टोबरमा बल्ल मैले उहाँसँग भेटेर विस्तृत रूपमा कुराकानी गर्न पाएँ । त्यो दशैंको बेला थियो । त्यतिखेरका केही प्रसङ्गहरू[1] यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु ।

## विकास योजनाबाट पैरवीतिर

केशव स्पेस छोडेर एक्सन एडमा जानुभन्दा अगाडि एक्सन एडले त्यस बेलासम्मको क्षेत्रीय पहुँचको अवधारणा (शिक्षा, स्वास्थ्य, आय आर्जनवृद्धि आदिलाई विभाजन गरी काम गर्नु) त्यति उपलब्धिमूलक नदेखिएकोले त्यसमा पुनर्विचार गरी बृहत् पहुँच (विकास परियोजनाहरूलाई समान रूपमा हेर्ने दृष्टिकोण), मूलतः लैङ्गिक, सामाजिक, जातीय अल्पसङ्ख्यक तथा दलितलाई हेर्ने बृहत् दृष्टिकोणमा परिणत

---

[1] कमैया मुक्ति आन्दोलनमा अधिकाङ्श व्यक्तिका विविध विचार तथा क्रियाकलाप सम्मिलित छन् । यहाँ उल्लिखित कुराहरू मूलतः एक्सन एडका केशव गौतमको दृष्टिमा गरिएको आन्दोलनको समीक्षा हो । वास्तवमा यति जटिल र विशाल बहुआयामिक आन्दोलनलाई कुनै निश्चित दृष्टिमा सीमित रही लेखिएको कुरालाई पाठकहरूले बुझिदिनु हुने अपेक्षा गर्छु ।

गर्न लगाएको थियो । त्यसको लागि आवश्यक गृहकार्य र अध्ययन गर्न एक्सन एडमा एक नयाँ विभागको स्थापना गरियो । यसलाई "नीति, अनुसन्धान तथा पैरवी विभाग" भनियो । साथै सबैलाई मानव अधिकारको प्रत्याभूतिका लागि अझ बढी परामर्श आदानप्रदान गर्दै जाने विचार गरियो ।

यसैको कार्यान्वयनको लागि पहिलो पाइलास्वरूप बँधुवा मजदुर, सामुदायिक वन, लैङ्गिक विभेद, जातीय भेदभाव जस्ता चार समस्यालाई प्राथमिकताका आधारमा निरूपण गरियो । त्यसपछि यी समस्याहरू धेरै जटिल भएका स्थान र क्षेत्रहरूमा दीर्घकालीन समाधानका लागि सामाजिक अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी सोही अनुसार क्रियाकलापहरू अगाडि बढाइयो ।

केशव गौतम भन्छन्,

यीमध्ये बँधुवा मजदुरको समस्यालाई प्रमुख प्राथमिकता दिई सन् १९९६ देखि १९९८ सम्म दुई वर्षको अवधिमा "किन र कसरी मानिस बधुवा मजदुर बन्दछन्" भन्ने सवालमा स्थानीय कार्यकर्ताहरूलाई सहभागी बनाई कैयौँ पटक छलफल, अन्तर्क्रियाहरू सञ्चालन गरियो । तर यस्ता छलफल अन्तर्क्रियाहरूबाट उल्लेख्य सफलता प्राप्त हुन भने सकेन । विभागीय सदस्यहरूबाट पनि "सिद्धान्तका कुरामात्र होइन, साच्चिकै काम गर्नुपर्‍यो" भन्ने खालका प्रतिक्रिया आउन थाले । त्यसैले सन् १९९९ मा भारतबाट जोन साम्युअल भन्ने प्रशिक्षक काठमाडौँ झिकाई प्रमुख कर्मचारीहरूलाई जनपैरवीबारे जानकारी दिनका लागि चार दिने परिचयात्मक कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रमबाट हामीले सामाजिक अभियानका आधारभूत कुरा सिक्ने मौका पायौँ । त्यसपछि वास्तविक सामाजिक अभियानमा संलग्न व्यक्तित्वहरूलाई बोलाई अनुभव र अनुभूतिको आधारमा ज्ञानसीपहरू हासिल गर्ने विचार गर्‍यौँ । पहिलो तालिमको तीन महिनापछि धेरै पहिलादेखि बँधुवा मजदुरको मुक्ति आन्दोलनमा संलग्न विवेक पण्डितसँग सम्पर्क राख्यौँ । किनभने उहाँलाई मैले चार वर्षअगाडि भारतमा भेटेको थिएँ । साथै उहाँका कामबाट म निकै प्रभावित भएको थिएँ ।

नेपाल आउनु भएका विवेक हामीहरूसँगै सुदूरपश्चिमको कैलाली र कञ्चनपुरका कमैयाहरूसँग भेट्न जानुभयो । कारण एक्सन एडले पहिलेदेखि नै यी दुई ठाउँमा स्थानीय गैससँगको साझेदारीमा कमैयाहरूको हित र राहतका लागि काम गर्दै आएकोले हामीले यो क्षेत्रलाई रोजेका थियौँ । मूलतः कमैया मुक्ति आन्दोलनमा संलग्न विभिन्न गैससहरूको दृष्टिकोण ज्यादै साँघुरो परिवेशमा

रूमलिएको अवस्थामा विवेक र एक्सन एडको संयुक्त प्रयास त्यस बेला सार्थक होला कि जस्तो लाग्यो ।

## चुनौतीपूर्ण काम

विवेकले कमैयाहरूलाई भन्नुभयो, "कमैया समस्या भनेको तपाईंहरूको आफ्नै समस्या हो, कसैले आएर यो समस्या समाधान गरिदेला भनेर आश गरी बस्नु बेकार छ । अहिलेसम्म तपाईंहरूसमक्ष धेरै सरकारी तथा गैरसरकारी संस्थाका सहायताहरू आए होलान् । तर केही सुधार भयो त ? केही पनि सुधार भएको छैन, होइन ? यही तरिकाले जाने हो भने तपाईंहरूको मात्र होइन, तपाईंहरूका छोरानातिको पनि यही अवस्था हुने छ र यो क्रम जारी नै रहने छ ।"

"यस्तो अन्याय र असमानतालाई तपाईंहरूले बहिष्कार गर्न सक्नुहुन्छ त ?"

"यो अवस्थालाई परिवर्तन गर्न तपाईंहरूमा एउटा ठूलो आँटको खाँचो छ । यस अवस्थामा जमिनदार, प्रहरी, प्रशासन एवं कानूनबाट सताउने अवस्था नआउला भन्न सकिन्न । तर यी दबाबहरूलाई तपाईंहरू आफैले सामना नगरेसम्म यो अवस्था परिवर्तन हुनेवाला छैन । यस समस्याको सामना गर्ने आँट र आत्मविश्वास तपाईंहरूमा छ ?"

उहाँको कुराले मलाई छोयो। अवश्य पनि त्यहाँ उपस्थित जमिनदारहरूलाई उहाँको कुरा मन परेन होला । कमैयाहरूले पहिलोपटक विवेकलाई भेटेर उहाँको कुरा सुनेपछि पहिलो चोटी कमैया समस्या आफ्नै साझा समस्या हो भन्ने कुरा महसुस गरे ।

केही दिनपछि विवेकले हामीसँगको बैठकमा एक्सन एडले अहिलेसम्म "कमैया मुक्ति अभियान" का लागि जे जति गऱ्यो, ती सबै कार्यहरू यथार्थमा कमैया मुक्तिका लागि पर्याप्त छैनन् भन्ने कुरा दृढतापूर्वक औँल्याउनु भयो ।

काठमाडौँ फर्कनासाथ विवेक र हामीले कमैया मुक्ति अभियानमा संलग्न हुनसक्ने स्थानीय गैससको खोजी गऱ्यौँ । सुरुमा सम्पर्क राखिएको गैससमध्ये अनौपचारिक क्षेत्र सेवा केन्द्र (हेर्नोस् पृष्ठ ६७ मा इन्सेकको बारेमा लेखिएको पाद टिप्पणी) पनि एक थियो ।

इन्सेकले नेपालमा सर्वप्रथम कमैयाको वास्तविक अवस्थाको सर्वेक्षण प्रतिवेदन प्रकाशन गरी यो समस्यामा देश र समाजको ध्यान आकर्षण गरेको थियो । साथै समाधानका लागि ठूलो भूमिका खेलेको थियो भन्दा अत्युक्ति नहोला । नेपालको सन्दर्भमा लक्षित विचारधाराभन्दा छुट्टै मानवअधिकार तथा जनताको हक र

हितलाई बढी महत्त्व दिने गैसस भएको कारण हामीले इन्सेकसँग सम्बन्ध बढायौँ ।

त्यस बेला इन्सेकले कानूनबाटै कमैया प्रथा हटाउन नयाँ नियम कानून बनाउनु पर्ने धारणा राखेको थियो । तर त्यसमा आपत्ति जनाउँदै विवेकले "नेपालको संविधानमा जबरजस्ती वा कानून विपरीत कुनै पनि किसिमको काम गराउन प्रतिबन्ध लगाइएको छ ।[२] त्यसकारण कमैया समस्याको समाधान नियम कानून बनाएर होइन संविधानमा उल्लिखित[३] प्रावधानहरूलाई सरकारले नै कडाइका साथ पालना गर्नु गराउनुमा निहित छ । यसको लागि सरकारलाई दबाब दिनुपर्छ । दबाब दिँदाखेरि विभिन्न किसिमका चुनौती सामना पनि गर्नुपर्ने हुन्छ । के इन्सेक यी चुनौतीहरूको सामना गर्न तयार छ ?" उहाँले प्रतिप्रश्न गर्दै प्रतिक्रिया दिनुभयो ।

## योजनाको कार्यान्वयन

यस्तो परिस्थितिमा कमैया मुक्ति अभियानको अग्रपंक्तिमा उभिनसक्ने कार्यकर्ताहरू हामी आफैले निर्माण गर्नुपर्ने कुरा हामीले विचार गर्‍यौँ । त्यसअनुरूप एक्सन एडको साझेदारीको रूपमा रहेका स्थानीय गैससका कर्मचारीहरूमध्ये पन्ध्र जनाको लागि तालिम सञ्चालन गर्ने निधो भयो । यो तालिमको मुख्य उद्देश्य "जनताको हकहित संरक्षणका लागि संविधानमा उल्लिखित प्रावधानको प्रयोग कसरी गर्ने भन्नुका साथै विभिन्न अवस्थामा आधारित समस्याको समाधानका लागि सरकारलाई कसरी झकझकाउने" आदि विषयमा योजना तर्जुमा गर्नु थियो । त्यसपछि तालिमका सबै सहभागीहरू आ-आफ्नो कार्यक्षेत्रमा फर्केर ती योजनाहरू कार्यान्वयन गरी तीन/चार महिनापछि कार्यक्रमबारे छलफल गर्न आए । भविष्यको योजना तयार पार्ने तालिमको लागि पुनः सबै भेला भए ।

---

[२] नेपाल अधिराज्यको संविधान २०४७ मा मौलिक हक अन्तर्गत व्यक्तिको बेचबिखन, दासप्रथा, कृषिदास तथा अन्य कुनै पनि प्रकारको जबरजस्ती मजदुरीलाई निषेध गरिएको छ । यस नियमको विपरीत कार्य गरेमा कानूनबमोजिम दण्ड सजाय दिइने व्यवस्था छ ।

[३] २०४७ को संविधानको दफा १२(१) मा स्वतन्त्रताको हक अन्तर्गत "कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन" उल्लेख छ । साथै १२(२) मा "सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ : (क) विचार र अभिव्यक्ति स्वतन्त्रता; (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता; (ग) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता; (घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता; (ङ) कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता" उल्लेख भएको पाइन्छ ।

कमैया समस्या समाधानमा संलग्न सहभागीहरूले यो अवसरमा तयार पारिएको कार्ययोजना जिल्ला कार्यालयमा कमैया मुक्तिको लागि निवेदनपत्र पेश गर्ने निधो गरियो । तर धेरै दिन बित्दा पनि निवेदन पत्र पेश गरिएन । किनकि कमैया समस्या समाधान अभियानका कार्यकर्ताहरू आफै जमिनदार थिए । अनेक बहानावाजीमा समय बित्दै गयो । यस्तै अवस्थामा हामीले एक्सन एडको साझेदारीबाहेक अरू स्थानीय गैसससँग पनि हातेमालो गरी अगाडि बढ्ने विचार गर्‍यौँ । यस बेला बेकवार्ड सोसाइटि एजुकेसन (बेस) नामक थारू समुदायको विकासमा केन्द्रित गैसस हामीसित एक हुन आयो ।

बेस सन् १९८५ मा पाँचजना स्थानीय थारू युवाद्वारा दाङ जिल्लामा स्थापित साक्षरता कार्यक्रमबाट थारू जातीय उत्थानको उद्देश्य राखी सञ्चालन गरिएको थियो । म आफै दाङ जिल्लाको बासिन्दा भई थारू समस्याप्रति चासो हुनाका साथै साक्षरता आयोजनाको प्रशिक्षक पनि भएकाले थारू समस्याप्रति मेरो झुकाव हुनु स्वाभाविकै हो । साथै म साक्षरता अभियानको प्रशिक्षक पनि थिएँ । त्यसैले थारू युवाहरूले आफ्नो जातीय उत्थानका लागि बेस गैसस स्थापना गर्दा धेरै खुसी लागेको थियो । तर समयक्रममा बेसले डेनमार्क सरकारबाट ठूलो आर्थिक सहयोग प्राप्त गर्‍यो र यसले आफ्ना कार्यक्रम आर्थिक सहयोगमा सीमित राख्दै गएकोले मेरो मन पनि मर्दै गएको थियो । तर पनि बेस थारू जातिले स्थापना गरी सञ्चालन गरेको गैसस हो भन्ने यथार्थ चाहिँ यथावत नै थियो ।

डेनमार्क सरकारको ठूलो सहयोग पाएको कारण बेसले आफ्नो कार्यक्षेत्रलाई धेरै ठाउँमा बढायो । साथै यस संस्थाबाट थारू जातिले पाएको सहयोगको कारण समर्थकहरू पनि धेरै बढ्दै गइरहेका थिए । हाम्रो लक्षित कमैया मुक्ति अभियानका लागि अत्यावश्यक "कार्यथलो" बेस बन्नुमा यिनै कारणहरू रहे । अतः सङ्गठित रूपमा यसैसित आवद्ध हिस्सालाई आन्दोलित बनाउन सके हाम्रो लक्ष टाढा नभएको पहिलो पटक महसुस गरियो ।

## कमैया स्वयंद्वारा निवेदन प्रस्तुत

यसै क्रममा सन् २००० को मे १ तारिख बीबीसी रेडियोको नेपाली प्रसारणमा "मजदूर दिवसको दिन पारेर नेपालको सुदुर पश्चिमको कैलाली जिल्लाका उन्नाइस कमैया परिवारले "कमैया प्रथा" को अन्त र देशको कानूनले तोकेको न्यूनतम ज्याला बमोजिम ज्याला पाउँ भनी सरकार समक्ष निवेदन पेश गरे ।

यी कमैयाहरू सबै पूर्वमन्त्रीका खेतमा काम गर्ने कमैयाहरू हुन्" भनी एउटा समाचार प्रसारित भयो ।

एकातिर अहिलेसम्म जुन संस्थाले अनुरोध गर्दा पनि साकार नभएको निवेदनपत्र अहिले आएर कमैयाहरूकै हातबाट पेश हुँदा निकै खुशी लाग्यो । खुशीको क्षण वित्दा नवित्दै हामी अर्को सोचमा पर्‍यौं । निवेदन गाविसको कार्यालयमा पेश गरिएको थियो र निवेदन उपर कारवाही गर्ने क्षेत्राधिकार गाविस कार्यालयलाई थिएन । अतः निवेदन त्यसै खेर जानेभो भन्ने कुरामा हामीलाई चिन्ता लाग्यो ।

हामी तुरून्तै कैलाली जिल्लामा गई निवेदनका पछाडि को रहेछ भनी खोज्दै जाँदा यज्ञराज चौधरीकहाँ पुगियो । उनले झण्डै तीस वर्ष अगाडि आफू पनि कमैया भई दुई वर्ष काम गरेको अनुभव राखे । त्यसबखत उनले जमिनदारको ऋणमा डुबेपछि आफ्नो स्वतन्त्रता गुमाई न्यूनतम ज्यालामा धेरै काम गर्नुपर्ने जस्ता अन्याय भोग्नु परेको थियो । यही क्रम अगाडि बढ्दै जाने हो भने आजीवन ऋणबाट छुटकारा पाइँदैन भन्ने कुरा बुझी जमिनदारलाई बिन्ती गरी अरू ज्यालादारी काम गर्ने अनुमति पाएपछि बल्ल ऋण चुक्ता गरी उनी मुक्त भएका थिए । आफैमा एउटा तिक्त र जीवन्त अनुभव बोकेका यज्ञराज सन् १९९२ मा आफ्नै उद्देश्यमा समर्पित सङ्गठित समूह सदस्यहरू रहेको बेसमा सदस्य हुनुभयो । एक वर्षपछि बेसको कार्यविभाग सदस्यमा छानिनु भयो । बेसको उद्देश्य परिस्कृत हुँदै जाँदा उहाँले कमैया प्रथाको अन्त्यको लागि नयाँ संविधान र कानून बनाइनु पर्छ, साथै कानूनबाट समाधान हुनसक्ने समस्याहरूलाई क्रमिकरूपमा समाधान गर्दै अगाडि बढ्नुपर्छ भन्ने कुरामा जोड दिनुभयो । उहाँले आफ्नै गाउँमा बस्ने पूर्वमन्त्रीको खेतमा काम गर्ने उन्नाईस कमैया परिवारलाई मुक्त गर्ने लक्ष्य लिई केही वर्षसम्म सम्पर्क गरिरहनु भयो । जमिनदारसँग समस्या हुँदा पनि कमैयाको साथ दिएर समस्या समाधान गर्दै कमैयाहरूको विश्वास पनि बटुल्दै जानुभयो ।

यी उन्नाइस परिवार सुरुदेखि नै मिलिजुली बसेका भने थिएनन् । आपसमा झैझगडा पनि थियो । साथै जमिनदारले बदला लेला कि भन्ने डरले निवेदनपत्र दिन पनि हिचकिचाइरहेका थिए । त्यो समयमा नेपालका कृषि मजदूरहरूले दिनको आठ घण्टाको न्यूनतम ६० रुपियाँ ज्याला पाउने भन्ने निर्णय भएपछि कमैयाहरूले पनि यो अधिकार पाउनै पर्छ भनी विचार गर्न थाले । त्यसको फलस्वरूप मे १ तारिखका दिन गाविसमा निवेदन पेश गर्न सक्षम भए ।

हामीले निवेदनपत्र गाविसबाट जिल्लामा लैजान जोड दियौँ । हामीले यी कुराहरू अगाडि बढाइरहेकै बेला कमैया मुक्तिमा सम्मिलित सत्रओटा गैससहरू एकत्रित भई अध्यक्ष पदमा बेसका दिल्ली चौधरीलाई छानियो । यसपछि हामीले उहाँलाई कमैया मुक्ति अभियानको प्रतिनिधिको रूपमा राख्यौँ ।

## जिल्लादेखि संसदसम्म

मे महिनाको मध्यतिर यज्ञराज र संयुक्त गैरसरकारी संस्थाका प्रतिनिधिहरू मिली कैलाली जिल्लामा निवेदनपत्र पेश गर्न लाग्दा “यो हाम्रो कार्यक्षेत्रभित्र पर्दैन” भनी जिल्ला कार्यालयले निवेदनपत्र बुझ्न मानेन । यसले गर्दा कमैया मुक्ति अभियानले झन् बृहत् रूप लिन पुग्यो । कानूनको उचित प्रयोग होस् भन्ने निवेदनपत्र उपर यो हाम्रो काम होइन भनी जवाफ दिएको जिल्ला कार्यालयको रवैयाप्रति बीबीसीलगायत देशभरिका पत्रपत्रिका तथा सञ्चारमाध्यमहरूले प्रसारण गरेपछि नेपालभरि यसको लहर फैलिँदै गयो ।

यो समाचार फैलनेबित्तिकै हामीले कमैया समस्यामा चासो भएका सबै गैससलाई आमन्त्रण गरी मानवअधिकारमा लागेका व्यक्तित्व सबैलाई विरोध प्रदर्शनमा भाग लिन अनुरोध गर्‍यौँ । निमन्त्रणालाई स्वीकार गरेका सबैको कैलालीसम्मको बस भाडाका साथै खाना र बासको पनि प्रबन्ध गरियो । कैलालीमा आन्दोलन सुरु भएको कुरा सञ्चारमाध्यममार्फत नेपालभरि फैलिएपछि त झन् धेरै मानिसले चासो राख्न थाले र हजारौँ समर्थक र सहभागीहरू जम्मा भए । निवेदन पेश गरेका कमैयाहरूले पनि हामी एक्लै रहेनछौँ, हामीलाई साथ दिने पनि धेरै रहेछन् भनी पहिलोपल्ट मन बलियो बनाए ।

कैलालीमा जस्तै सङ्गठित भएका सबै गैससहरूले आफूले सहयोग गरिरहेका कमैया परिवारहरूलाई निवेदन दर्ता गर्न प्रोत्साहित गरे । यसरी दिनमा सोह्र सयभन्दा बढी कमैयाहरूले जिल्ला कार्यालयमा निवेदन दर्ता गरे । यसरी कमैया, सञ्चारकर्मी, गैसस, मानवअधिकारवादी, राजनीतिक कार्यकर्ता सबै एकजुट भई दबाब दिएपछि कैलाली जिल्लाले मे महिनाको अन्तमा निवेदनपत्र दर्ता गर्‍यो । तर जिल्लाका ठूलो पहुँच भएका जमिनदारहरूका कारण यसको कारवाहीले गति लिन भने सकेन ।

यहाँसम्मको आन्दोलनको समीक्षा गर्दै हामीले निवेदनपत्र केन्द्रीय सरकारलाई नै बुझाउने निधो गर्‍यौँ । जून महिनाको मध्यतिर सङ्गठित गैससको पहलमा

एक्सन एडको आर्थिक स्रोतमा दसजना बँधुवा मजदूरलाई काठमाडौँमा ल्याई सञ्चारमाध्यमबाट अपील गर्न लगाइयो । जुलाई १३ बाट मन्त्रालयको हाताभित्र विरोध प्रदर्शन सुरु भयो । यो कुरा पनि सञ्चारमाध्यममा आएपछि राजधानीमा कार्यालय भएका गैसस, मानवअधिकारवादी एवं पत्रकारहरूसमेत आन्दोलनमा सामेल हुन पुगे ।

उन्नाइस कमैया परिवारबाट सुरु भएको कमैया मुक्ति आन्दोलन यसरी साढे दुई महिनाको अन्तरालमा गाउँबाट देशभरि फैलियो । आन्दोलनको अवधिभर प्रमुख लक्ष्य "सरकारी प्रशासन नीति" नै रह्यो । यो नीति परिचालनमा हामीलाई विवेकले भन्नुभएका कुराहरूले प्रशस्त मार्गनिर्देशन गरे ।

कानूनसम्बन्धी समस्या भनेको अदालतमा लगी फैसला हुने भन्ने आमधारणा छ । तर अदालतमा फैसला हुँदासम्म धेरै समय लाग्ने साथै न्यायाधीसहरू पनि प्रायजसो परम्परागत विचारधाराका हुनेहुँदा अदालतको ढोका ढकढक्याउनुको अर्थ हो, आन्दोलनको गति अवरुद्ध पार्नु । बरु सरकारमाथि प्रत्यक्ष दबाबको प्रक्रिया निर्माण गर्न सकेमा आन्दोलनले छिटो गति समात्न सक्ने थियो भन्ने ठहर गर्दै समय र ठाउँअनुसार आन्दोलनलाई दिशानिर्देशन गर्ने कुरा भयो ।

अतः यो अभियान केन्द्रसम्म पुगिसकेको हुँदा निष्क्रिय सरकारलाई झक्झक्याउनको लागि संसदलाई लक्षित गरिनुपर्ने आवश्यकता पनि टड्कारो बन्दै गयो । यसमा इन्सेकको ज्यादै महत्त्वपूर्ण स्थान रह्यो । संसदीय प्रतिपक्षी नेकपा एमालेसँग इन्सेकको सौहार्दपूर्ण सम्बन्धका कारण इन्सेकले एमालेका पार्टी सदस्यहरूलाई अनुरोध गरी कमैयाको कर्जा मिनाह, न्यूनतम मजदूरीको अधिकारलाई संसदमा माग गरी यो विषयलाई संसदमा उठाउन निर्देशन दियो । "कमैयाहरूको समर्थनमा बहुमत भएको अवस्थामा पार्टीले यदि संसदमा यी कुरा उठायो भने पार्टीलाई बहुमतको समर्थन पाउन सक्ने" कुरा बिर्सिन नहुने गरी थपियो ।

तर यति बेला हामीले फेरि विचार गऱ्यौँ । विपक्षी पार्टीले संसदमा कमैया समस्या उठाए पनि बहुमतको आधारमा निर्णय हुने सदनमा सरकारमा रहेको नेपाली काङ्ग्रेसको समर्थनविना यसले साकार रूप लिन नसक्ने हुँदा काङ्ग्रेसलाई आन्दोलनमा सरिक गराउनु पर्ने अर्को यथार्थता जन्म्यो । यस्तो अवस्थामा डिल्ली चौधरीले काङ्ग्रेसका सांसदहरूसँग सम्पर्क राखी कमैया मुक्तिको प्रस्ताव संसदमा पेश गर्न तयार पारिरहेको कुरा अवगत गराउनुभयो । सत्तापक्ष र प्रतिपक्षबीचको तँछाडमछाडले पनि यो आन्दोलनलाई गति दियो ।

आन्दोलनको एकलौटी श्रेय दुवैले आ-आफ्नो पोल्टामा खन्याउन चाहिरहेको स्थितिमा आन्दोलन घोषणा गरेको चार दिनपछि जुलाई १७ तारिखभित्र नै सरकारले कमैया मुक्तिको घोषणा गऱ्यो ।

## आठ हजार परिवारलाई पुनर्वासका लागि जग्गाको प्रत्याभूति

नेपाली सञ्चार जगतले यसलाई सरकारको "ऐतिहासिक निर्णय" को संज्ञा दिई आन्दोलनमा सरिक कमैयाहरूको विजय भनी प्रशंसा गरे । हामीहरूलाई भने यो घोषणा केवल एकपटक संविधानमा उल्लिखित कुरालाई पुनः दोहोऱ्याएको जस्तो लाग्यो । तर यसबाट आधार निर्माण गरेर ती कमैयाहरूलाई पुनर्वास र वृत्ति विकासका लागि काम गर्नु महत्त्वपूर्ण थियो । दुःखको कुरा, आन्दोलन आफ्नो लक्षबाट भौँतारिन पुग्यो ।

यसै क्रममा पहिलो कदमस्वरूप "स्वतन्त्र भएका कमैयाहरूको जीवनको आधारलाई कसरी सुरक्षित गर्ने" भन्ने कुराबाट सुरु भयो ।

हामीहरूले विचार गऱ्यौँ "कमैया मुक्तिको घोषणा गर्ने सरकार हो, उनीहरूको जीवनको आधार बनाइदिनु पर्ने नैतिक दायित्व पनि सरकारको नै हो ।"

तथापि मानवीय आधारमा पर्गेल्दा कतिपय अवस्थामा शरणार्थी जीवन व्यतित गरिरहेको बेला उनीहरूप्रति बेवास्ता गर्नु लक्षविन्दुमा नपुगी विचलित हुनु हो भन्ने कुरा मनन् गरी काम सुरु गर्न थाल्यौँ ।

२००१ अक्टोबरसम्म ८००० कमैयाहरूले सरकारबाट पुनर्वासको लागि जग्गा पाइसकेका छन् भने अरू हजारौँले अझ पनि सुकुमबासी जीवन व्यतित गर्न विवश छन् ।

केशवले यसरी आफ्नो भनाइ टुङ्ग्याउनुभयो । उहाँमार्फत् मैले नेपाली कमैया आन्दोलनको उद्‌भव र विकासबारे विहङ्गम सिंहावलोकन गर्ने अवसर पाएँ ।

यसपालिको आन्दोलन कमैया मुक्ति आन्दोलनको दिशामा कोशेढुङ्गा सावित भए तापनि स्वतन्त्रता प्राप्त भयो भन्दैमा सबै समस्याको समाधान भयो भन्ने कुरा होइन । पुनर्वास समस्याको समाधानका लागि अझ धेरै नै गर्नुपर्ने छ । यसको मूल्याङ्कन के भनेर गर्न सकिन्छ भने स्वयं मुक्त कमैयाहरूले नै पुनः जमिनदारको जालमा नफस्न एउटा दह्रो अठोट गर्नुपर्ने हुन्छ । त्यसको लागि अरू विकल्पहरूको खोजीको सुरुआत अहिलेको टड्कारो आवश्यकता बनेको छ ।

## हामीले ठीक गर्‍यौँ त ?

एक्सन एडले कमैया मुक्ति आन्दोलनको दिशामा गरेको महत्त्वपूर्ण भूमिका थाहा पाएपछि मैले पुनः शाप्ला नीरमा संलग्न भएको कारण के थियो त भन्ने कुरा विचार गर्न थालेँ। शाप्ला नीर/स्पेसको परियोजनाले पुनर्वासीले पुनः बँधुवा मजदूर बन्न नपरोस् भनी उनीहरूको खानाको व्यवस्थाको सम्बन्धमा आफूहरूकै प्रयासले सफलता पाएकोले स्पेसले आफै अग्रसर भएर काम गर्नुपर्ने हुन्छ। कसैको मुख ताकेर बस्नु समयोचित र न्यायोचित नहोला जस्तो लाग्दछ।